# ए समुद्र !

(लामो कविता)

सौजन्य

**न्हूजः गुठी**

# ए समुद्र !

इन्दिरा प्रसाई

प्रकाशक
नङ प्रकाशन
पोस्टबक्स : ११४४१, घट्टेकुलो, काठमाडौं (नेपाल)
टेलिफोन : ४७७१४५५, टेलिफ्याक्स : ४७७०५८०
Email: nai@wlink.com.np,©सुरक्षित २०६३(2006 A.D.)
आवरणसज्जाः सुरेश महर्जन, मुद्रकः मोडर्न प्रिन्टिङ प्रेस
मोल : पचास रुपियाँ

*ISBN: 99946- 613- 8-8*

**A SAMUDRA**

Lyrical Poems by Indira Prasai

# प्रकाशकीय

नेपालीवाङ्मयको श्रीवृद्धिको लागि संवत् २०५२ साल माघ १५ गते नइ प्रकाशनको स्थापना भएको हो। नेपालीभाषाको उत्थानमा समर्पित अग्रजहरू नै नइ प्रकाशनका प्रेरणास्रोत हुन्। नेपालीसाहित्याकाशमा आआफ्ना क्षेत्रबाट स्रष्टाहरू सङ्घठित र जागरूक हुनु निश्चय नै समयको माग हो। नेपाली परिवेशमा अन्तर्हृदयबाट नेपालीभाषाको अर्चना गर्ने सम्पूर्ण भाषासेवीहरूलाई वन्दना गर्न पाउनु नइ प्रकाशनको लागि गौरवको कुरो हो।

नेपालीभाषा, साहित्य, कला र संस्कृतिमा अग्रसर नइ प्रकाशनबाट वेलामौकामा विभिन्न सांस्कृतिक कार्यहरूको अतिरिक्त विविध ग्रन्थहरूको निर्माण भइरहेको छ। नेपाली भाषा संसारप्रतिको मोह, समर्पण र साधनाले गर्दा जन्मेको यो संस्था नेपाली वाङ्मयप्रेमीको साझा चौतारी पनि हो। नइ प्रकाशनले विशुद्ध सांस्कृतिक मूल्य, मान्यता र धारणालाई सदैव अङ्गीकार गरी आफ्नो यात्रालाई जारी राख्नेछ। यसरी परिचालित सार्वजनिक कार्यहरूले राष्ट्रनिर्माणको महान् अभियानमा आफ्ना ठाउँबाट गच्छेअनुसारको सार्थकता प्रदान गरिरहने नै छन्।

नइ प्रकाशन आफ्नो क्षमताअनुसार नेपाली प्रतिभाका सिर्जनात्मक कौशललाई सुन्दर एवं सुरुचिपूर्ण ढङ्गले प्रस्तुत गर्न अग्रसर छ। वास्तवमा स्रष्टाहरूको चाहनामा राष्ट्रको ढुकढुकी निहित हुन्छ। जगत्मा जन्मेर जीवन चलाउन जमजमाउने हरेक

जानिफकारले जन्मभूमिको जयगानमा आफुलाई समर्पित गर्नु नै उसको पुनीत कर्तव्य पनि हो । यसै सन्दर्भमा वाङ्मयसेवा पनि राष्ट्रसेवाको महत्त्वपूर्ण कडी हो भन्ने भावनाले यो संस्था उत्साहित छ ।

नइ प्रकाशनको प्रस्तावनामा उल्लिखित उद्देश्यअनुरूप विविध कार्यक्रम र योजनामुताबिक प्रस्तुत कृति पनि प्रकाशमा आएको हो ।

नेपाली साहित्याकाशमा इन्दिरा प्रसाई भन्नु सृजनात्मक प्रतिभाले सम्पन्न स्रष्टाको नाउँ हो । उनका कविताहरूको सूचीमा **ए समुद्र** ! पनि एउटा लामो कविताको कृति हो । मित्र राष्ट्र भारतको चेन्नाईभ्रमणको क्रममा कवयित्री प्रसाईले **ए समुद्र** !को सिर्जना गरेकी हुन् । चेन्नाईको भौतिक काव्यात्मकतासँगै स्वयं कवयित्रीका मानसलहरहरू **ए समुद्र** ! भित्र समाहित भएका छन् । नेपालीकविताको परम्परामा **ए समुद्र** ! एउटा छुट्टै पहिचान लिएर आएको काव्यकृति हो ।

समाजसेवी श्री सुरबहादुर श्रेष्ठको आर्थिक सौजन्यले नै **ए समुद्र** ! प्रकाशनमा आएको छ ।

**ए समुद्र** ! नामक कृति प्रकाशित गर्न पाउनु नइ प्रकाशनको लागि गौरवको अवसर हो ।

• नइ प्रकाशन

# यौटा लाटो समुद्र र अशान्त मनका व्यथाहरू

### (इन्दिरा प्रसाईको काव्यकृतिबारे केही विचार)

प्रागैतिहासिक कालदेखि नै मानवसमुदायले आफ्नो जीवननिर्वाह र अस्तित्वरक्षाको लागि प्राकृतिक जगत्‌सित एकातिर सङ्घर्ष र अर्कोतिर सहअस्तित्वको सम्बन्ध कायम गर्दै आएको छ र त्यसै क्रममा हाम्रा ज्ञानविज्ञान, दर्शन, साहित्य र कलाहरूको पनि जन्म र विकास भएको हो । पूर्वीय र पाश्चात्य जगत्‌का प्राचीन साहित्य, ऋग्वेदका ऋचा, उपनिषत्‌का सूक्त, ग्रीस र रोमका महाकाव्य, दक्षिण अमेरिका, अफ्रिका, चीन र अरबका पुराना लोकसाहित्यहरूमा पनि त्यही मानवीय सम्बन्धहरू प्रतिविम्बित भएका छन् । अत्यन्त अविकसित अवस्थाको प्राचीन समाजताक खेतीपाती, शिकार आदि भौतिक उत्पादनहरूको क्रममा प्रकृतिका बहुआयामिक रूप र शक्तिहरूलाई एक अलौकिक रहस्य ठान्दै तिनको दैवीकरण गरेर सुख, शान्ति र सुरक्षाका लागि भजन, प्रार्थना र सामूहिक नाचगानहरू रचिएका थिए । त्यसपछि विज्ञानको विकास हुँदै जाँदा प्रकृति पनि अब अघिअघिको त्यो रहस्यमय शक्ति नरहेर भौतिक सुखसुविधाहरूको एक स्रोतसाधन मात्र रहन गएको छ । यसरी मनुष्यको निम्ति आध्यात्मिक र भौतिक यी दुवै रूपबाट प्रकृति एक अपरिहार्य सहयात्री रहने गरेको छ । साहित्य र कलाका क्षेत्रमा अझ विशेषत:

कविता र गीतका फाँटमा त प्रकृतिको अत्यधिक मानवीकरण हुने गरेकोले ती सबै कहिले मिथक त कहिले समसामयिक यथार्थका विम्ब र उपमा भएर सौन्दर्यचेतनामा समाहित हुँदै हाम्रो सामाजिक र सांस्कृतिक जीवनका अभिन्न अङ्ग नै बनिसकेका छन् । मानवजीवन र प्रकृतिबीचको यस अविच्छिन्न सम्बन्ध र त्यसमा मनुष्यको केन्द्रीय भूमिकाबारे विवेचना गर्दै वैज्ञानिक समाजशास्त्र र सौन्दर्यशास्त्रका महान् चिन्तक कार्ल मार्क्सले प्रकृतिको इतिहासभन्दा निरन्तर सङ्घर्षरत र सिर्जनशील मनुष्यको इतिहासको निरीक्षण, अनुभव र विश्लेषण गर्नुपर्ने कार्यलाई नै बढी युक्तिसङ्गत र महत्त्वपूर्ण ठानेका हुन् । उनले त्यस अवधारणालाई 'सामाजिक अस्तित्व' भनेका छन् ।

हाम्रो नेपालीसाहित्यमा पनि प्राचीन लोकगानहरूदेखि आधुनिक कविता र गीतहरूसम्म, यहाँका स्रष्टाहरूले विभिन्न कोणहरूबाट मानव र प्रकृतिको त्यस सम्बन्धलाई व्यक्त गर्दै आएको पाउनु एक स्वाभाविक प्रक्रिया नै हो । संस्कृतसाहित्यको आध्यात्मिकधार्मिक विश्वदृष्टिबाट प्रभावित नेपाली कविहरूले प्रकृतिलाई ईश्वरीय लीला वा दैवी शक्तिको रूप माने भने यता पाश्चात्य साहित्यमा शिक्षित, दीक्षित भएका स्वच्छन्दतावादी र प्रयोगवादी स्रष्टाहरूका लागि त्यो आफ्ना भावप्रकाशनको वैयक्तिक माध्यम, स्वतन्त्रता र उन्मुक्तिको प्रेरणास्रोत, सौन्दर्य र आनन्दको असीम रसभण्डार, अनि जीवनका तापसन्तापहरूबाट शान्ति र विश्राम पाउने दिव्य धाम रहने गरेको छ । त्यसै गरी शृङ्गाररसका प्रेमपन्थीहरूले त्यसका शरद् र वसन्त, जून तारा र बादल, गुनकेशरी र गुराँसमा आफ्ना प्रियतमलाई देख्दै मिलन र विरहका लागि गीतहरू गाएका छन् भने क्रान्तिका उपासक स्रष्टाहरूमाञ उषाकालको रक्तिम सूर्य, हुरीबतास, बाढी, डढेलो, भुइँचालो आदि विध्वंस र नवनिर्माणको विप्लवी आकाङ्क्षाका लोकप्रिय प्रतीक बनेर रहेका छन् ।

यहाँनिर हामीलाई कालिदासको **मेघदूत** र मोतीरामको **पिकदूत**, निरन्तर आइगइरहेका सिन्धुका छालहरूबाट अनित्य जीवनको सन्देश दिने वसन्तपाध्या लुइँटेलको **समुद्रलहरी**, एक वृक्षको आत्मवृत्तान्तमार्फत मनुष्यजीवनका सांसारिक सङ्कटहरूको समाधानका लागि अध्यात्मवादको शिक्षा दिने लेखनाथको **तरुण तपसी**, देवकोटा, माधवप्रसाद घिमिरे, सिद्धिचरण र युद्धप्रसाद मिश्रका कविताहरू अनि यस जगत्लाई एक जोखिमपूर्ण जीवनयात्राको भवसागर ठान्ने हाम्रा भक्तकविहरूको सम्झना हुन्छ ।

त्यसै गरी यहाँ म प्रकृतिको निर्मम र असीम शक्तिसित अथक सङ्घर्ष गर्ने मनुष्यको अपराजेय भावनाबाट प्रेरित अमेरिकाली लेखक अर्नेस्ट हेमिङ्वेको **बूढो मान्छे र समुद्र** भन्ने विश्वप्रसिद्ध उपन्यास, दुस्साहसपूर्ण खोजको समुद्री यात्रा र द्वितीय विश्वयुद्धका भयङ्कर समुद्री सङ्ग्रामहरूमा आधारित विभिन्न आख्यानहरू र आफुले पढेका अन्य केही त्यस्ता कथा र कविताहरू पनि सम्झिरहेको छु । यसै क्रममा त्यस प्रकृतिलाई हेर्ने र बुझ्ने एक आफ्नै नौलो दृष्टिसहित इन्दिरा प्रसाईको **ए समुद्र** ! भन्ने यो नयाँ काव्यकृति पनि मेरा अगाडि आएर केही भनिरहेको छ ।

यहाँ त्यो समुद्र कुनै अलौकिक दैवी शक्ति वा मनुष्यलाई वीरताप्रदर्शनको लागि हाँक दिने भयङ्कर प्रतिद्वन्द्वी वा कसैले पार पाउन नसक्ने दु:खकष्टको भवसागर मात्र नभएर हाम्रै टोलगल्लीकै एक सुपरिचित निवासी, एक नेपाली काव्यकथाको एक नेपाली पात्र भएझैँ लाग्दछ र यही नै इन्दिरा प्रसाईको यस कृतिको खास विशिष्टता पनि हो ।

हाम्रो पृथ्वीका तीन खण्डमा दुई खण्ड (७१ प्रतिशत) जलमग्न रहेको र त्यसमा चारवटा विशाल महासागर र अन्य अनेक सागरहरू फैलेको भए पनि एक भूपरिवेष्टित देशको रूपमा बसेको नेपाल भने समुद्रतटदेखि हजारौँ किलोमिटर टाढा र उच्च हिमाली क्षेत्रमा

पर्दछ । त्यसैले प्रकृतिप्रेमी नेपालीहरूको लागि त्यस प्रकृतिकै एक विराट् रूप हुँदाहुँदै पनि ती समुद्रहरू हाम्रो जनजीवनसित असम्बद्ध, एक सुदूर प्रदेशका दुर्लभ वस्तु अनि भौगोलिक दृष्टिबाट मात्र हैन मानसिक र मनोवैज्ञानिक दृष्टिबाट समेत कुतूहलका विषय रहने गरेका हुन् । महासागरीय परिवेशबाट प्रभावित यूरोप, अमेरिका आदि विभिन्न तटवर्ती क्षेत्रको जनजीवन तथा साहित्यमा समुद्रले अग्रस्थान पाउनु कुनै अनौठो कुरो नभए पनि नेपालीसाहित्यको लागि त्यो एक नगण्य पात्र नै हुने गरेको छ । हाम्रा धर्मशास्त्र, पुराण, नियात्रा र फुटकर रचनाहरूमा समुद्रको उल्लेख भए पनि नेपालका कवि र गीतकाररूको निम्ति त आफ्नै डाँडाकाँडा र हिमालचुलीहरू, यहीँका लेकबेसी, ताल र कोसीहरू, गुराँस, सयपत्री वा डाँफे मजूर र मुनालहरू नै आफ्नो रचनाका प्रिय विषय रही आएका हुन् । तर अघिअघिदेखि नै सर्वमान्यजस्तो भइसकेको यस स्थापित परम्पराका विपरीत एक भूपरिवेष्टित राष्ट्रकी लेखिका इन्दिरा प्रसाईले भने यहाँ समुद्रलाई नै एक प्रमुख र प्रिय पात्र बनाएर यो काव्यकृति प्रस्तुत गर्नु नेपालीसाहित्यको लागि नै एक नौलो प्रयोग र नवीन प्रस्तुति हुन गएको छ ।

इन्दिरा प्रसाई आधुनिक नेपालीसाहित्यकी एक बहुचर्चित स्रष्टा हुन् । उनीद्वारा कविता, कथा र उपन्यासजस्ता विभिन्न विधाहरूमा गरिएका योगदानहरू उल्लेखनीय मानिएका छन् । त्यसबाहेक अझै प्रकाशन र सम्पादन अनि अरु अनेक साहित्यिक र सांस्कृतिक सङ्घसंस्थाहरूको स्थापना र सञ्चालनजस्ता अन्य क्षेत्रहरूमा समेत उत्तिकै सक्रिय रहेर नेपालीभाषा र साहित्यको सर्वतोमुखी श्रीवृद्धि तथा विस्तार गर्नमा पनि उनको भूमिका प्रशंसनीय रही आएको छ । सिर्जनात्मक लेखनका फाँटमा नयाँनयाँ प्रयोगहरू गर्नतर्फको अग्रसरतासँगै अलोकप्रियताको पनि बेवास्ता गर्दै प्रचलित मान्यताहरूका विपरीत उभिन सक्ने निर्भीकता उनको अर्को चारित्रिक

विशेषता हो । उनका केही मान्यता र धारणाहरूसित असहमति राखे पनि उनको सिर्जनात्मक प्रतिभा र नेपालीसाहित्यप्रतिको प्रतिबद्धताबाट भने अप्रभावित रहन सकिँदैन । उनको कविताको प्रमुख ध्येय प्रेम र त्यसका विविध भावनात्मक पक्ष हो । तर उनका मायाप्रेम र विरहमिलनका रोमान्सेली रचनाहरू पनि अन्य केही समकालीन स्रष्टाहरूका कवितामा पाइने फ्रायडवादी दुष्प्रभावबाट जोगिएका र निकै शालीनतासाथ प्रस्तुत भएका छन् । त्यसै गरी राष्ट्रिय भावको अभिव्यक्तिकलामा पनि उनको आफ्नै मान्यता रहेको छ । यी सबै कारक तत्त्वहरूले गर्दा नै उनको एक छुट्टै पहिचान बनेको हो ।

विगत तीन दशकभन्दा अघिदेखि निरन्तर रचना गर्दै आइरहेकी इन्दिरा प्रसाईका आजसम्ममा चार कवितासङ्ग्रहहरू प्रकाशित भइसकेका छन् र अब यो **ए समुद्र** ! उनको पाँचौँ कृति भएको छ । उनका ती सबै रचनाहरूका आआफ्नै विशेषताहरू रहेका छन् । ती सबैबाट उनको कविव्यक्तित्व र सौन्दर्यचेतनाको विकासक्रम, अनि त्यसमा आएका विभिन्न परिवर्तन र मोडहरूलाई पनि सहजै पहिल्याउन सकिन्छ । त्यसैले उनको यस नवीन कृतिको समुचित मूल्याङ्कन गर्नका लागि यहाँ त्यस लामो पृष्ठभूमिको पनि एक संक्षिप्त सिंहावलोकन गर्नु आवश्यक हुन गएको छ ।

इन्दिरा प्रसाई स्वयंले आफ्नो भूमिकामा स्वीकार गरेअनुसार **बाइपङ्खी घोडा** (२०५७) र **तिमी हुनुको** (२०५७) जस्ता प्रारम्भिक अवधिका रचनाहरूमा उनको सरोकारको प्रमुख विषयवस्तु, केही अपवादहरू बाहेक, आफ्नै मनोजगत् र त्यसका अन्तर्द्वन्द्वहरू थिए र अरुका सुखदु:खहरू उनको अभिरुचिभित्र पर्न सकेका थिएनन् । कविता उनका लागि एक्लोपनको एकमात्र अभिन्न र अन्तरङ्ग साथी, अनि निजी पीडाको अभिव्यक्ति मात्र बनेको थियो र कवितालाई नै उनले आफ्नो मुक्तिदायिनी मानेकी थिइन् । तिनताकका कविताहरू

प्रेमको अतृप्त कामना, जगत् र जीवनको अर्थहीनता, मधुमासको मीठो सपना र त्यो भङ्ग भएपछिका तिक्तता र रिक्तता, आफ्नै परिवेशप्रतिको असन्तुष्टि, हुनु र नहुनुको तानातान, बिरानोपन र आफ्नो अस्तित्वबोधको वेदनाजस्ता अभिव्यक्तिहरूले ढाकिएका छन् । उनी एक निर्जन टापु, निष्प्रयोजन अस्तित्व, वासविहीन शरणार्थी, आँसुको पोखरी, बेसुरको बिनायो र आफ्नो तनमनसहित सम्पूर्ण ब्रह्माण्ड नै दुखेको आभासको भाषामा कुरा गर्छिन् र तिनताक बुझ्न नसकिने र बुझाउन पनि नसकिने व्यथामा रन्थनिएर रहेको उनको मन:स्थिति थियो । ती कविताहरू पढ्दा उनले आफ्नै साँघुरो संसारको अन्धगुफामा मनभित्रका क्याक्टसहरूबाट घेरिएर छटपटाउँदै र कराउँदै केही बरबराइरहेजस्तो लाग्दछ । त्यस खण्डित र विशृङ्खलित सातो गएको मनोदशामा उनका ती आत्मकथनहरू अस्पष्ट र दुरूह हुन पुगेका छन् । उनको कविताको त्यस पीडामा व्यक्तिगत समानुभूति रहे पनि र मनोविश्लेषणात्मक अध्ययनको दृष्टिबाट तिनको आफ्नै अर्थ भए पनि अरुको लागि भने ती वैयक्तिक रचनाहरू खासै अभिरुचिका विषय भएका थिएनन् । हो, ती दुवै कृतिहरूभित्र कहीँकहीँ देशका नेतृत्ववर्गबीचको अस्वस्थ प्रतिस्पर्धा, मानवीय आस्था र मूल्यमा देखिएको सङ्कट, आणविक युद्धको जोखिम र विश्वशान्तिको कामनाजस्ता केही आधुनिक विषयहरू पनि पर्दछन् तर ती सबै एकै क्षणमा उनकै रोदन क्रन्दनहरू र आशा निराशाको तुवाँलोभित्र छोपिएर हराउँछन् ।

त्यसको केही वर्षहरूपछि प्रकाशित उनका कविताका दुई कृति **नेपाल न्यूज डट कम** (२०५९) र **माल्दाइलाई चिठी** (२०६१) भने आफ्नो प्रयोजन र पदावलि, विषयवस्तु र प्रस्तुतीकरण सबैमा त्यसअघिका दुई कृतिहरूभन्दा एकदमै भिन्न र विपरीत प्रकृतिका देखिए । तात्कालिक परिस्थितिसित सम्बद्ध राष्ट्रभक्तिको भावनाबाट अनुप्राणित तथा एक खास राजनीतिक-सैद्धान्तिक आदर्शमा

आधारित रहेकोले तिनको भाषाशैली पनि तदनुसार नै प्रवचनात्मक र आवेगपूर्ण हुन गएको छ । उनकै कथनानुसार तिनताक “समय र परिस्थितिको फेरोमा परेपछि मन वा विचारमा परिवर्तन भएको” थियो र त्यस वेलासम्म सार्वजनीन पीडालाई आफ्नो कविताको विषय बनाउन नसकेको र आफ्नै पीडामा गुजुल्टिएर बसिरहेको उनीभित्रको कवि आफ्नो त्यो पुरानो लीकबाट हटेर देश भनेको हामी सबैले सरोकार राख्नुपर्ने विषय हो, आफ्नो राष्ट्र जोगाउन र आफ्नो राष्ट्र बनाउन राजनीतिसित प्रत्यक्ष वा परोक्ष चासो राख्नैपर्दछ, व्यक्तिको अस्तित्वसमेत राष्ट्रको अस्तित्वसित गाँसिएको हुन्छ, आफ्नो अस्तित्वको रक्षा राष्ट्रको अस्तित्वसित गाँसिएको हुन्छ... जस्ता आफ्ना मान्यताहरूको सशक्त उद्घोषणा गर्दै राष्ट्रवादी धाराको एक प्रखर प्रवक्ता भएर देखा परेको थियो । इन्दिरा प्रसाईद्वारा आफ्ना ती दुई कृतिका भूमिका र रचनाहरूमा व्यक्त भएका केही मान्यता वा धारणाहरू विभिन्न कारणवश सबैका लागि मान्य र स्वीकार्य हुन नसके पनि उनको देशप्रेम र राष्ट्रभक्तिको उत्कट भावना, राष्ट्रिय अस्मिता र स्वाभिमानका लागि आफ्ना निष्ठा र आस्थाहरूको निर्भीक स्पष्टोक्ति अनि दीनहीनता र दरिद्रताबाट सर्वथा मुक्त रहेको एक स्वतन्त्र नयाँ नेपालको सपनालाई भने त्यसै नकार्न सकिनेछैन । त्यसबाहेक अझै यहाँनिर एउटा अर्को उल्लेख गर्न लायक कुरो के हो भने लामो कालदेखिको आत्मिक गुफावासबाट बाहिर निस्केर त्यसरी अब बाह्य जगत् र देश दुनियाँहरूमा पनि अभिरुचि देखाउन खोज्ने त्यो संवेदनशीलता उनको लेखकीय चेतनाको विकासमा आएको एउटा अर्को नयाँ मोड र परिवर्तन थियो ।

यसरी वि.सं. २०५७ देखि वि.सं. २०६१ सम्ममा प्रकाशित चारओटा काव्यकृतिहरू र त्यस अवधिबीच आफ्नो सोच र शैलीमा देखा पर्दै आएका विभिन्न मोडहरू पार गर्दै पाँच वर्षको अन्तरालपछि

कवयित्री इन्दिरा प्रसाई अब फेरि **ए समुद्र** ! भन्ने यो नयाँ रचना हामीलाई उपहार दिइरहेकी छिन् । आफ्नो देशबाट हजारौँ कोश टाढा दक्षिणभारतको सुप्रसिद्ध समुद्रतटवर्ती महानगर मद्रास(चेन्नाई)मा कार्यवश केही अवधि बस्नुपरेका वेला भेस, भाषा र रीतिथिति सबैमा एकदमै बिरानो त्यस परिवेशमा आफ्ना सुखदु:खका कुरा सुनिदिने र फुर्सदमा सँगै बसेर केही समय बिताउने एकमात्र साथी त्यहाँको समुद्र नै हुन्छ र यसरी क्रमश: त्यो लेखिकाको प्रिय पात्र बन्छ । शहरमा डुल्न निस्कँदा र त्यहाँको जनजीवनको अनुभव गर्दा उनको मनमा अनेक कुराहरू खेल्दछन् र एक अबोध बालिका आफुले नबुझेका कुरा सोध्न र बुझ्न जेठाबाठाहरू कहाँ गएझैँ उनको लागि पनि आफ्ना प्रश्न र जिज्ञासाहरू राख्ने एक मात्र ठाउँ त्यो समुद्र नै भएको छ । यसको प्रत्येक कविता समुद्रलाई गरिएको सम्बोधनकै रूपमा प्रस्तुत छ ।

अनेक फूलका थुँगाहरू एकअर्कासित गाँसिएर एउटै माला बनेझैँ यहाँ पनि जीवनका पैँतालीस अनुभूतिहरू आफ्नो अन्तस्सम्बन्धसँगै एक काव्यकथामा रूपान्तरित भएका छन् । यस वृत्तान्तमा दुईओटा पात्रहरू देखिन्छन् जसमा एकजना त स्वयं यसकी लेखिका नै हुन् जसले आफ्ना कथाहरू सुनाएकी छिन् र अर्को हो त्यो विशाल समुद्र जो कुनै बुद्धिमान् अभिभावक वा सहृदय मित्र झैँ उनका ती कथाहरूको एक गम्भीर तर मौन श्रोता बनेको छ । वरिपरिको संसारसित पूर्णत: अनभिज्ञ रहेझैँ त्यो अनन्त विस्तारसाथ आफ्नै लहरहरूको लीलामा मग्न छ । एक निर्जीव ऐनाले चुपचाप बदलिँदै जाने हाम्रा भावमुद्राहरूलाई प्रतिविम्बित गरिदिएर हामीतिरै फर्काइदिएझैँ यस लेखिकाको अन्तर्हृदयका उच्छ्वास र उद्वेगहरू त्यस समुद्रको कठोर मौनतामा ठक्कर खाएर प्रतिध्वनित हुँदै यी कविताहरूमा छरिएका छन् । समुद्र र लेखिकाबीच गहिरो आत्मिक सम्बन्ध बनेको छ । त्यसैले उसको मौनता वा संवादहीनताबाट

त्यस सम्बन्धमा कुनै असर परेको छैन । एक निर्जीव देवमूर्तिसामु कुनै एकनिष्ठ भक्तले घण्टौं आफ्ना दुखेसोहरू पोखेर शान्ति पाएझैं र त्यस अनुभूतिलाई नै सार्थक ठानेर चित्त बुझाएझैं यहाँ लेखिका पनि आफ्नो कथा सुनाएर नै सन्तुष्ट भएकी छिन् । तर त्यस समुद्रले पनि केही बोलिदिए हुन्थ्यो भन्ने चाहना हाम्रो मनले गरिरहेको हुन्छ । दोहोरो संवादबाट भन्दा आफ्नो एकालापबाटै हाम्रो अन्तस्करणमा एउटा सूक्ष्म कम्पन जगाइदिने इन्दिरा प्रसाईको यो नयाँ काव्यप्रविधि स्वयंमा एउटा नौलो प्रयोग र प्रस्तुति हो ।

यस कृतिको पहिलो कविता समुद्रसित लेखिकाको सुखद मिलनबाट शुरू हुन्छ र बीचका अनेक घटना, तीतामीठा अनुभव र सुखदु:खका क्रमहरूपछि लेखिकाले भविष्यमा फेरि भेट हुने आशासहित बिदा लिएको प्रसङ्गमा टुङ्गिन्छ । लेखिकालाई त्यो समुद्र र त्यसको किनारमा रहेको शहर औधि नै मन परेका छन् र उनी तिनकै समीपमा बसिरहन चाहन्छिन् तर परदेश जतिसुकै आकर्षक भए पनि र केही दिन रमाउँदै त्यहाँ दिन बिताए पनि आखिरमा आफ्नै घरआँगन र आफन्तहरू, त्यहाँ आफुद्वारा रोपेर हुर्काइएका शिरीष र नीमका वृक्षहरूलाई बिर्सन नसकेर आफ्नो देशमा फर्कन्छिन् । आफ्नो माटो तथा मातृभूमिप्रतिको उनको यो अगाध माया र निष्ठा साँच्ची नै यहाँ हृदयस्पर्शी भएको छ । एक सुकुमार हृदय भएकी संवेदनशील नारी स्रष्टाका रूपमा उनले आफ्ना प्रियतमसित मिलनको कामना र उसको वियोगको वेदना, आफ्ना बालबालिकाप्रतिको मातृसुलभ चाहना र आफ्ना वरिपरि देखिने कठोरता र विद्रूपताहरूबाट आफ्नो मनमा परेका आघातहरूलाई पनि यी कविताहरूमा उत्तिकै कोमलतासाथ अभिव्यक्ति दिएकी छिन् ।

यसरी त्यस समुद्रले आफु मौन बसेर नै लेखिकाको कोमल हृदयमा एकपछि अर्को गरी विभिन्न रङ्गका तरङ्गहरू उत्पन्न गरिदिएको छ । उनी कहिले त्यसको सौम्यता र गम्भीरताबाट

मोहित हुन्छिन्, कहिले उनलाई त्यसको अलौकिक ऊर्जा र गतिशीलता देखेर ईर्ष्या लाग्दछ र कहिले, आफ्नो मनभरि प्रचण्ड आँधीबेहरी चलिरहँदा पनि त्यो किन शान्त बसेको होला भन्ने उत्सुकता जाग्दछ र कहिले त्यसको विशालताभित्र हराएर आफु नगण्य भएझैं लाग्दछ । कहिले उनी त्यसको गरिमामय उपस्थितिबाट आश्वस्त हुन्छिन् भने कहिले त्यसको मायावी चरित्र देखेर उनको मन सशङ्कित र त्रस्त हुन्छ । कहिले त्यसका उन्मुक्त छालहरूले स्पर्श गरेर मनमा प्रेमवासनाका लहर जगाइदिन्छन् र त्यो आन्तरिक प्यासबीच नै अतृप्त भएर उनको छटपटी अझै बढ्दछ र त्यसको नुनिलो पानीले तनमनको घाउ चहऱ्याउन थाल्दछ; कहिले ती एकएक गरेर आउने छालहरूले उनको मनका पानाहरू पनि पल्टाइदिँदै प्रियतमको सम्झना गराउँछन् र ती चञ्चल छालहरूलाई समातिराख्न नसकेझैं ती मीठा सम्झनाहरू पनि एकछिन आफ्नो मायाजाल फिँजाएर शून्यमा अलप हुन्छन् । कहिले उनलाई ती निरन्तर परिवर्तनसाथ देखा परिरहने छालहरूबाट सृष्टिचक्रको आभास हुन्छ र कहिले समुद्रतटमा एकसाथ हाँसखेल गरिरहेका विभिन्न जाति र सम्प्रदायका नरनारीहरू देख्दा 'मानिस हुनुको एउटा धर्म' भन्ने विश्वमानवतावादको तत्त्वज्ञान मिल्दछ । प्रतिक्षण बिलाएर पनि फेरि उत्पन्न हुँदै अस्तित्ववान् रहिरहेका छालहरू जीवनको विजय र मृत्युको पराजय प्रमाणित गरिदिन्छन् । आफ्ना सुखद र दुःखद अनुभूतिहरूका क्षणहरूमा कहिले उही समुद्र आकर्षक र आत्मीय लाग्दछ भने कहिले त्यो निष्ठुरी र अहङ्कारी लाग्दछ ।

तर आफ्ना प्रेमप्रसङ्ग र वैयक्तिक आशा तथा नैराश्यका यी सबै भावुकतापूर्ण उद्गारहरू यस आख्यानका एक पाटा मात्र हुन् । यहाँ उल्लेख गर्नुपर्ने त्यसको अर्को महत्त्वपूर्ण पाटो त के हो भने यसमा कवयित्री इन्दिरा प्रसाईले आफ्ना सुखदुःख र मायामोहका कुरा गर्दा त्यस शहरको जनजीवन र त्यसका सुखदुःखहरूलाई पनि

सम्झिरहेको देखिन्छ र समुद्रको भव्यतापूर्ण सौन्दर्य र रोमान्टिक आकर्षणमा मुग्ध हुँदाहुँदै पनि उनबाट त्यहाँका सामाजिक मानवीय पक्षहरूको रत्तीभर पनि उपेक्षा गरिएको छैन । समुद्र उनका लागि 'प्रकृतिको उपहार वा अभिशाप'को एक द्विविधापूर्ण प्रश्न हुन गएको छ । आफ्नै झोळझमेलाहरूबीच पनि यसरी आफ्नो परिवेशका पीरमर्काहरूलाई ओझेलमा पर्न नदिने उनको यो लेखकीय विवेक यस कृतिमा अझै राम्ररी प्रस्फुटित भएको छ ।

विशाल भवन र फराकिला सडक तथा आधुनिक ज्ञानविज्ञानका स्रोतसाधनहरूले सुसम्पन्न रहेको त्यो समुद्रतटवर्ती शहर हेर्न लायक छ र त्यहाँ सुन्दर स्मारक र सङ्गमरमरका स्तम्भहरू सँगै अनेक दर्शनीय ठाउँहरू रहेका छन् । तर त्यहाँ अनेक 'छरपस्टिएका परम्परा र काला दागहरू' पनि छन् । त्यहाँ शिक्षा, स्वास्थ्य र वातावरणको क्षेत्र समस्याग्रस्त देखिन्छ । त्यहाँ खानेपानीको हाहाकार छ र फोहोर मिसिएकोले समुद्रजल पनि प्रदूषित हुन गएको छ । त्यहाँ असह्य दरिद्रताको दु:खकष्ट भोगिरहेका अनेक मानवबस्तीहरू छन् । अग्लाअग्ला पर्खाल भएका स्कूल, कलेज र विश्वविद्यालयहरूको ढोका सामान्य नागरिकका छोराछोरीहरूका लागि अझै बन्द नै रहेको छ । त्यहाँ अस्पतालवरिपरि बिरामीहरूसित मोलतोल गरिरहेका भ्रष्ट कर्मचारीहरू पनि देखिन्छन् । परदेशीहरूलाई ठग्ने लुट्ने दाउ हेरेर बसिरहेका सहरिया ठग र बगलीमाराहरूलाई भेट्दा त्यहाँ मानिसले मानिससित सतर्क भएर चल्नुपर्ने अवस्था छ । त्यहाँको समाजमा धार्मिक पाखण्ड र अन्धविश्वासको प्रभाव छ र सरकारी योजनाहरूमा पनि ढिलासुस्ती रहेको सुनिन्छ । त्यसै गरी काम खोज्दै दुबई र कतार पुगेका आफ्ना छोराहरूको खबर पाउनाका लागि त्यहाँका हुलाक घर, रेलस्टेशन र जहाजघाटहरूतिर थुप्रै चिन्ताग्रस्त बाबुआमाहरूलाई बाटो कुरिरहेको देख्दा लेखिकाको चित्त कुँडिएको छ ।

समुद्र प्रकृतिको विराट्ता र शक्तिसम्पन्नताको मूर्त रूप हो । तर आफुवरिपरिका यी दु:ख र दुर्दशाहरूप्रति त्यसको निर्मम उदासीनता देखेर लेखिका मौन रहन सक्दिनन्, अनि आफ्नो धैर्य र संयम त्याग्दै आक्षेप र आरोपको भाषामा बोल्दछिन् ।

- **ए समुद्र !**
  **तिम्रो शहरमा छरपस्टिएका परम्पराहरू**
  **तिम्रो वेगका छालहरूले पनि**
  **धुन नसकेका, पखाल्न नसकेका**
  **काला दागहरू देखेर**
  **त्यसैत्यसै निसास्सिन्छु म !** (४१)

- **कतार र दुबईका मेशिनहरूमा**
  **अथवा बाँझा र रूखा खेतहरूमा**
  **पलायित छोरा कल्पने**
  **यहाँका पनि आमाका आँखा**
  **ओबाना छैनन्**
  .....
  **ए समुद्र !**
  **तिम्रो किनारामा उनीहरू किन अटेनन् !** (४७)

- **भक्तको परम्परा अब**
  **भगवान्ले धान्न सक्तैनन् ।**
  .....
  **ए समुद्र !**
  **तिमी किन मौन !** (४८)

- **ए समुद्र !**
  **प्रदूषित तिम्रो जलप्रपात देखेर**
  **चिन्तित छु केहीबेर म पनि ।** (५३)

- रित्ता छन् धाराका टुटीहरू
  .....
  रित्ता गाग्रीका लहरहरू
  .....
  ए समुद्र !
  तिम्रो महासागरमा डुबेर पनि
  म प्यासै रहेँ । (५७)

- ए समुद्र !
  तिम्रो किनाराको फोहोर
  झन्झन् बढ्दो देख्छु । (६०)

- ए समुद्र !
  तिम्रो किनाराका स्कूल कलेजका ढोकाहरू
  अझै पनि धेरै अग्लो भएजस्तो छ । (६१)

- ए समुद्र !
  .....
  र झोपडपट्टी निर्मूल पार्ने
  सरकारका योजनाहरू
  शायद तिम्रै लहरभित्र
  अर्धमूर्छित छन् । (६३)

- अस्पताल रोगी र रोगी अस्पताल
  डाक्टरहरू कतै कुनै कुनामा
  व्यापार पनि गर्दै छन्
  .....
  ए समुद्र !
  तिम्रो किनाराको यस बालुवामा
  असङ्ख्य घाउहरू बिसेक भए ।
  र कुनै चहऱ्याए
  चहऱ्याइरहे पनि । (७१)

यस विषम सामाजिक व्यवस्थाका अमानवीय पक्षहरूप्रति त्यहाँका सम्पन्न र शक्तिशाली वर्गहरूले देखाउँदै आएको उपेक्षापूर्ण उदासीनतातर्फ यहाँ बहुतै मिहीन पाराले व्यङ्ग्य र उपहास गरिएको देखिन्छ । समुद्र यहाँ शक्तिसम्पन्नहरूको प्रतीक हो र त्यसकै आँखाअगाडि रहेका यी फोहोर र दुर्गन्धहरूबारे आफ्ना निष्कपट प्रश्न र जिज्ञासाहरू हुर्‍याइदिएर कवयित्री इन्दिरा प्रसाईले आधुनिक सहरिया सभ्यताका पाखण्डहरूलाई उघारिदिएकी छिन् । माथिका यी पङ्क्तिहरू पढ्दा हाम्रो काठमाडौँ र यसका छेउछाउमा अचेल बढ्दै गएका बेथितिहरूबारे यस महानगरका अभिभावकहरूलाई पनि उनले केही प्रश्नहरू सोधिरहेजस्तो लाग्दछ । बाहिरी सभ्यता र सम्पन्नताको घुम्टोभित्र लुकाएर राखिएका सामाजिक, आर्थिक र सांस्कृतिक विद्रूपताहरूलाई साङ्केतिक भाषाशैलीबाट सार्वजनिक गरिदिने उनको यो शिल्पकला अत्यन्त प्रभावकारी हुन पुगेको छ । त्यसै गरी समुद्रलाई साक्षी बनाउँदै निर्वैयक्तिक प्रसङ्गहरूलाई वैयक्तिक अनुभूतिमा समाहित गर्न सक्ने उनको सम्प्रेषणीय कुशलता पनि उत्तिकै सराहनीय भएको छ ।

यसरी समग्रतामा हेर्दा उनका विगतका रचनाहरू र वर्तमान चरणको यस नवीन कृतिबीच, जीवनदृष्टि र अभिव्यञ्जनात्मक शिल्पसौन्दर्य, यी दुवैमा ठूलै अन्तर आइसकेको पाइन्छ । आफ्ना अनुभूतिहरूका त्रिसट्ठीवटा आयामहरूलाई एउटै शीर्षकअन्तर्गत सँगालेर २०५७ सालमा प्रकाशित **तिमी हुनुको** भन्ने लामो कविता र त्यस्तै प्रकार र प्रविधिको यो नयाँ रचना **ए समुद्र** ! (२०६३)लाई दाँजेर हेर्दा यता उनमा सूक्ष्म रूपबाट आइरहेको त्यो आन्तरिक परिष्कार र परिवर्तन सहजै ठम्याउन सकिनेछ । अघिल्लो कृति (२०५७)मा उनी ऐकान्तिक मनोजगत्‌बाट पूर्णत: वैयक्तिक पीडाको आफ्नै निजी भाषा र विम्बहरूमा बोलिरहेकी थिइन् भने अब सार्वजनीन पीडा अर्थात् बाह्य जगत्‌का सङ्कट र समस्याहरूमा पनि उनको

आवाज सुन्न थालिएको छ । यस कृतिका अधिकांश अभिव्यक्तिहरूको भावभूमि, ती पुरानै घाइते मनका केही स्वप्निल उच्छ्वासहरूबाहेक, मुख्यत: जीवनवादी विश्वदृष्टि र धरातलीय यथार्थका जीवन्त अनुभूतिहरूबाटै निर्मित भएको छ । यहाँ के भन्न सकिन्छ भने यस कृतिमा आफ्ना विगतका अनुभूतिहरूबाट साँधिँदै र सामाजिक अव्यवस्थाका अन्तर्द्वन्द्वहरूलाई निकटतासाथ अङ्गीकार गर्दै उनको संवेदनात्मक ग्रहणशीलता पनि अझै तिखारिएको छ । त्यसै गरी उमेरको परिपक्वताले पनि होला, एक डेढ दशकअघिको त्यो प्रेमातुरता र व्यग्रता, कुण्ठा र उत्कण्ठाहरू अब संयमित र व्यवस्थित हुँदै गएका छन् । यस सृष्टिकै सौन्दर्य र सङ्गीतमा, यस जीवनकै सङ्घर्ष र सुखदु:खहरूमा आफ्नो सार्थकताको खोजी गर्ने एक अर्को नयाँ मोडतर्फ उनी उन्मुख हुँदै गइरहेको देखिन्छ ।

केही आफ्नै र केही यस संसारका चक्रकुचक्रहरूमा जेलिएकी एक सुकुमार कवयित्रीले लोककविताको जस्तो सरल सोझो भाषामा, केही पनि नलुकाएर जस्ताको त्यस्तै, आफ्नो सामान्य जीवनका सामान्य अनुभूतिहरू, आफ्ना केही कथा र व्यथाहरू यहाँ एउटा अथाह समुद्रको गर्भमा विसर्जित गरिदिएकी छिन् । यही मार्मिक वृत्तान्त नै, यही सरलता र सहजता नै यसको सुन्दरता पनि हो । यहाँ कुनै चमत्कारिक उपमा, अलङ्कार वा विम्बहरूको सञ्जाल छैन, न त छ यहाँ अनावश्यक बौद्धिकता वा कल्पनाशीलताको कुनै जालझेल नै । ससाना महत्त्वहीनजस्ता देखिने दैनिक जीवनका घटना र अनुभवहरू यहाँ रोचक र अर्थयुक्त लाग्न थाल्छन् र तिनले हाम्रो मनलाई पनि खलबल्याइदिन्छन् । उनका अघिअघिका कविताहरू प्राय: हाम्रो हृदयमा खिन्नता र व्यग्रता, केही असहजता र नकारात्मकताका आभासहरू मात्र उत्पन्न गरिदिन्थे भने अब स्वच्छन्दतावाद र मानवतावादका अन्तर्भावहरूको एक सङ्घटित रसायनसँगै संवेदनशीलता र विवेकशीलताको स्वादिष्ठ समायोजनबाट

सिर्जना भएका यी रचनाहरूले हामीलाई अलिक बेग्लै सन्तुष्टि प्रदान गर्दछन् ।

यी सबै उपलब्धि र विशिष्टताहरूलाई दृष्टिगत गर्दा आफ्नो यस नयाँ कृतिमा उनी निश्चय नै परिपक्व र बुद्धिमान् हुँदै आएको देखिन्छ र यो हामी सबैका लागि सन्तोषको कुरा हो । लामो दु:खद यात्रापछि उपलब्ध यी नयाँ यथार्थबोध, अन्तर्दृष्टि र शिल्प कुशलताहरूलाई उनले अब निरन्तरता दिँदै तिनको अझै गहनीकरण र विस्तारीकरण गर्दै लैजानुपरेको छ । कताकता अझै पनि यहाँ एक भौँतारिएको आत्मालाई प्रेतात्माले नचाएझैँ उनको चित्त पनि 'हुनु'को अर्थले मर्माहत, आफुभित्र अप्राप्य खुशीको खोजी, आफ्नै 'म'को अनिश्चितताबाट उब्जेको आत्मसंशय, भीडमा पनि आफुलाई एक्लो पाउने आत्मनिर्वासित मनोदशाजस्ता केही छायावादी एवं रहस्यवादी संस्कारहरूबाट आक्रान्त भइरहेको र उनी आजको युग तथा जीवनमा सन्दर्भहीन र अर्थहीन भइसकेका केही आग्रह र अवधारणाहरूबाट पनि यदाकदा सम्मोहित रहिरहेको सङ्केत केही रचनाहरूले दिएका छन् । उनले आफ्ना सिर्जनात्मक ऊर्जा र चिन्तनलाई विचलित र विखण्डित गर्ने यस्ता निषेधात्मक प्रवृत्तिहरूबारे पनि गहिरिएर पुनर्विचार गर्नु राम्रो होला । त्यसो गरेर नै उनको स्रष्टा व्यक्तित्वले अझै पूर्णता प्राप्त गर्नेछ अनि उनको साहित्यरचना पनि हाम्रो राष्ट्र र समाजका लागि झन् सार्थक हुन जानेछ । मेरा यी केही टीकाटिप्पणीहरू अब प्रौढता प्राप्त गरिसकेकी लेखिकाको सिर्जनाप्रति कुनै वैचारिक हस्तक्षेप वा अर्तीउपदेश नभएर उनको शुभेच्छुकका केही सदाशयपूर्ण आग्रह मात्र हुन् । इन्दिरा प्रसाईमा अब त्यस्ता युगीन प्रश्नहरूसित साक्षात्कार गर्न सक्ने प्रशस्त प्रतिभा र क्षमता छ भन्ने कुरामा हाम्रो विश्वास रहेको छ ।

नेपालीसाहित्यका अन्य विधाहरूमा झैँ हाम्रो कवितामा पनि २००७ सालपछिको अपेक्षाकृत स्वतन्त्र वातावरण र बाह्य जगत्का

शैक्षिक सांस्कृतिक संसर्गहरूले गर्दा स्वच्छन्दतावाद, फ्रायडवाद, प्रयोगवाद, अस्तित्ववाद, नारीवादजस्ता विभिन्न वैचारिक प्रवृत्तिहरू भित्रिए । जानी नजानी हाम्रा कविकवयित्रीहरू पनि ती सबैबाट धेरैथोरै प्रभावित भएको देखियो । पश्चिमका पूँजीवादी देशहरूबाट फेशनका रूपमा पैठारी भएका अनि हाम्रा आलाकाँचा साहित्यकारहरूबाट शास्त्रीय परम्पराविरुद्ध आधुनिक बनिहाल्ने लहैलहैमा अन्धानुकरण गरिएका ती नक्कली सोच र शैलीहरू हाम्रो सामाजिक विकासको दृष्टिबाट अहिले असान्दर्भिक भइसकेका छन् । तर बाहिरिया सञ्चारमाध्यम र पुस्तक, पत्रिका आदिको व्यापक विस्तारले गर्दा हाम्रा शहरबजारका मध्यमवर्गीय बुद्धिजीवीहरूबीच अझै पनि केही न केही मात्रामा तिनको वैचारिक प्रभाव कायमै रहेको छ । अर्कातिर, आजको एक्काइसौँ शताब्दीमा हाम्रो नेपाल, नेपालीसाहित्य र त्यसका लाखौँ कविताप्रेमीहरूले अब आफ्नै राष्ट्रिय स्वरूप र स्वाद भएको, एक नयाँ किसिमको कविता खोजिरहेको र मागिरहेको जस्तो लाग्दछ । हाम्रा कविकवयित्रीहरूले पनि जनजनको त्यो आवाज सुन्नुपर्ने भएको छ ।

आफ्ना कविताको पृष्ठभूमि र प्रेरणास्रोतबारे लेखिका इन्दिरा प्रसाईले आफ्नो सिर्जनायात्राको प्रारम्भिक कालमै कविता आफ्नो लागि निजी पीडा अभिव्यक्त गर्ने एक निजी विधा मात्र रहेको र त्यसैबाट आफुले मुक्तिको अनुभूति पाएको अनि केही अपवाद बाहेक सार्वजनीन पीडालाई आफ्ना कविताको विषय बनाउन नसकेको कुरा औंल्याएकी थिइन् । त्यसै क्रममा 'समाज, देश र विश्वको लागि मेरो निजी पीडाको कुनै अर्थ नहोला, अर्थ खोज्ने समूहमा मेरा कविता निरर्थक पनि हुन पुग्लान्' भन्ने उनको पूर्वानुमान पनि रहेको थियो । यसबाट उनी स्वयम् आफ्ना कविताको सीमारेखाबारे राम्ररी सचेत भइसकेको थाहा हुन्छ र यसलाई हामीले उनको लेखकीय इमान्दारीको एक प्रशंसनीय पक्ष पनि मान्नैपर्दछ । तर

त्यसपछि फेरि समय र परिस्थितिको आग्रहअनुसार आफैले कोरेको त्यो सीमारेखा उछिनेर उनले समाज, देश र विश्वलाई पनि आफ्नो कवितामा आत्मसात् गर्न खोजेको पाइयो । हो पनि, कविताले हामीलाई आफ्ना वैयक्तिक पीडाहरूबाट अस्थायी मुक्ति मात्र दिन सक्दछ, स्थायी मुक्ति हैन । स्थायी मुक्ति पाउनाका लागि त त्यस पीडालाई सार्वजनीन पीडामा नै समायोजित गर्नुपर्ने हुन्छ । उनको यो प्रयास लेखकीय ईमानदारीको अर्को दृष्टान्त पनि थियो । अब यस नयाँ काव्यरचनामा त्यो संवेदनात्मक क्षितिज अझै फैलँदै गएको पाउनु हामी सबैका लागि खुशीको कुरा भएको छ ।

एक व्यक्तिको नितान्त निजी पीडामा र सामान्य जनगणको पीडामा ठूलो अन्तर रहेको हुन्छ । प्रारम्भिक चरणमा कविको पीडा पनि स्वकीय नै हुन्छ । तर उसको काव्यदृष्टिको क्षेत्र विस्तृत हुँदै जाने क्रममा त्यो पीडा समष्टिगत वा विश्वजनीन हुन पुग्दछ । एक उत्कृष्ट द्रष्टा वा स्रष्टाको वास्तविक पहिचान पनि त्यही नै हो । यहाँ निजी पीडा र त्यसको अभिव्यक्तिस्वतन्त्रतालाई नकार्न वा अवमूल्यन गर्न खोजिएको होइन र त्यसो गर्नु न त युक्तिसङ्गत हुन्छ न त मानवीय नै । समाजको एक अभिन्न अंशको रूपमा कुनै एक व्यक्तिको निजी पीडाबाट पनि तात्कालिक सामाजिक यथार्थ नै प्रतिविम्बित भइरहेको हुन्छ । तर आफ्नो निजी पीडाको मात्र कुरा गरिरहनु र त्यसैमा आत्मलीन भएर आफ्नै समाजका अन्य प्राणीहरूका पीडाहरूको बेवास्ता गर्नु पनि कदापि न्यायोचित हुन सक्दैन ।

हाम्रो जस्तो रूढिग्रस्त संस्कृति र विषमतापूर्ण राजनीतिक-आर्थिक व्यवस्थाअन्तर्गत हाम्रा अधिकांश नरनारीहरूको जीवन अति नै अभावग्रस्त र कष्टकर रहँदै आएको छ र तीमध्ये अझ महिलाहरू त झनै असुरक्षित र विभिन्न प्रकारका अन्य दु:खकष्टबाट समेत

पीडित भएर असहाय जीवन बाँच्न बाध्य भएका छन् । त्यसै गरी महिलाहरूकै माझ पनि मध्यमवर्गीय र निम्नवर्गीय महिलाहरूले भोग्नुपरेका भौतिक तथा मानसिक समस्याहरू आआफ्नै प्रकारका देखिन्छन् । हामीले नेपाली नारी स्रष्टाहरूको साहित्यको अध्ययन गर्दा यी सबै सामाजिक र आर्थिक तथ्यहरूलाई पनि दृष्टिगत गर्नैपर्दछ । अधिकांशतः मध्यम वर्गबाट आएका हाम्रा नारी स्रष्टाहरूले आफ्ना रचनामा तिनै वेदना, व्यथा, असन्तुष्टि, आक्रोश, असहायपना, प्रेमको चाहना र मुक्तिका आकाङ्क्षाहरू कहिले खुला त कहिले दमित स्वरमा व्यक्त गर्दै आएका छन् र यो स्वाभाविक कुरा नै हो । त्यसैले हामीले समाजका सामान्य दुःखकष्ट, पीडा र वेदनाहरूबारे विचार गर्दा पनि नारीमनका पीडा र वेदनाहरूलाई अलिक फरक किसिमले हेर्नु र बुझ्नु नै बढी युक्तिसङ्गत हुनेछ । एक नारी स्रष्टाका रूपमा कवयित्री इन्दिरा प्रसाईले पनि आफ्ना कविताहरूमा उही प्रेमको चाहना, पीडाबाट मुक्तिको कामना, मनका त्रास र आशङ्काहरू व्यक्त गर्दै आएकी छिन् र यस कृतिका अनेक रचनाहरूमा पनि एक नयाँ शैलीको माध्यमबाट उनका ती मनोदशाहरू नै व्यक्त भएका छन् । हामी सबै दुःखी छौँ, हाम्रा दुःखहरू फरक हुन सक्छन् । तर हामीले एकअर्काका दुःखहरू पनि सुन्नु र बुझ्नुपर्दछ । त्यसबाट हाम्रा र अरुका दुःखहरूलाई पनि केही मात्रामा घटाउन सकिनेछ ।

साहित्यको समाजशास्त्रीय रूप र मानवीय पीडाका वैयक्तिक तथा सामाजिक आयामजस्ता केही महत्त्वपूर्ण विषयहरूबारे मेरो यो छोटो सैद्धान्तिक व्याख्या, आफ्ना कविताबारे कवयित्री इन्दिरा प्रसाईले व्यक्त गरेका विचारोत्तेजक धारणाहरूबाटै प्रेरित हुन गएको हो । त्यसैले यसलाई यहाँ सान्दर्भिक नै ठान्न सकिन्छ । तर यो पर्याप्त भने छैन । यस विषयमा हाम्रा नारी स्रष्टाहरूबीच नै गहिरो चिन्तनमनन हुनु आवश्यक छ ।

सन्तोषको कुरा के हो भने हिजोआज नेपालीसाहित्यका सबैजसो विधाहरूमा एकभन्दा अर्का प्रखर प्रतिभाहरू आफ्ना नयाँनयाँ कृतिहरूसहित देखा पर्न थालेका छन् र तीमध्ये हाम्रा नारी स्रष्टाहरूको भूमिका कुनै अर्थमा पनि गौण रहेको देखिँदैन । तिनका रचनाहरूलाई अङ्ग्रेजी वा विश्वका अन्य भाषाहरूमा अनुवाद गर्न पाए हाम्रा अनेक कविकवयित्रीहरूले पनि अन्तरराष्ट्रिय ख्याति प्राप्त गर्न सक्ने कुरामा अब कुनै शङ्का रहेको छैन । दृष्टान्तका लागि, अहिले पनि हाम्रा केही युवा स्रष्टाहरू बाहिरका देशहरूमा चर्चित, स्थापित र पुरस्कृत भइरहेका छन् र भविष्यमा यो क्रम अझै बढ्दै जाने भएको छ । आज नेपालीसाहित्यलाई त्यसरी अन्तरराष्ट्रिय स्तरमा पुऱ्याउन सक्ने सम्भावना भएका दुईचार त्यस्ता प्रतिभासम्पन्न र ऊर्जावान् स्रष्टाहरूमा कवयित्री तथा आख्यानकार इन्दिरा प्रसाईको नाउँ पनि सहजै उल्लेख गर्न सकिन्छ । शुभकामना !

• गोविन्द भट्ट

लाजिम्पाट, काठमाडौँ
श्रीकृष्णाष्टमी, सन् २००६

# 'ए समुद्र !' को कथा

चेन्नाईसँगको मेरो चिनजान चेन्नाई मद्रास हुँदैखेरिको हो । समुद्र नदेखेकी मलाई पहिलो पटक मद्रास पुगेकैवेला समुद्रको आकर्षणले भुतुक्कै पारेको थियो । आहा ! यस्तो समुद्र मेरो देशमा पनि भएको भए ! –म कल्पेकी थिएँ । त्यसपछि म पटकपटक मद्रास पुगेँ । मद्रास पुगेपछि सधैँ नै मेरिनाबीच र एकदुईपटक गोल्डेनबीच पनि पुगिरहेँ । साँच्चै समुद्रकिनारामा बिताइएका ती मेरा समयहरू अपूर्व आनन्दका समय भएर मेरो मानसपटलमा रहेका छन् । **ए समुद्र** ! मेरो पछिल्लो दुईपटकको (२०५८ साल र २०५९ साल) चेन्नाईयात्राको सिर्जना हो ।

विगतमा पनि समुद्री आँधी आएका कुराहरू किताबहरूमा पढ्नुका साथै मानिसहरूका मुखबाट पनि सुनेकी थिएँ । तर समुद्र भोग्ने क्रममा समुद्रको आँधी स्वयम्‌को बीभत्सताको कल्पना मैले कहिल्यै गर्न सकिनँ । आफन्तको मृत्यु नभोगेको व्यक्तिलाई मृत्युकै पत्यार नभएजस्तै मलाई समुद्री आँधीको विश्वास भएन । २०६१ साल पुस महिनामा चेन्नाईको समुद्री किनारामा भएको जनधनको क्षतिको प्रत्यक्ष वर्णन मेरा प्रिय नरेन्द्रका मुखबाट सुनेँ । नरेन्द्रले त्यस बखतको सामुद्रिक आतङ्कबारे सुनाएपछि मलाई समुद्रसँगै वितृष्णा भयो । त्यसैले **ए समुद्र** ! नै नछापूँ कि जस्तो पनि लागेको थियो । तर यसो गर्दा त्यस वेलाको मेरो सिर्जना र भावनाप्रति नै अन्याय हुने कुराको बोधले मलाई सतायो । छाप्ने र नछाप्ने मानसिक सङ्घर्षबीच केही समय अलमलियो **ए समुद्र** ! र छाप्नेको अघिल्तिर

नछाप्ने पराजित भयो । यसले गर्दा मैले आफ्नो तत्समयको सिर्जनाप्रति न्याय गर्ने ठहर गरेँ ।

त्यसो त जीवनको अघिल्लो कुनै क्षणमा अति प्रिय व्यक्ति, मालसामान वा स्थानविशेष जीवनको पछिल्लो क्षणमा हेर्नै मन नलाग्ने अथवा सम्झनामा पनि ल्याउन मन नलाग्ने पनि हुन सक्छ । तर त्यसो भन्दैमा तर्साउने भूत जस्तै बनिसकेको विगतको पनि माया मार्न त सकिन्न । त्यसैले मैले मद्रास अथवा चेन्नाईमा बिताएका ती क्षणहरूलाई **ए समुद्र** !को शब्दजालभित्र कैद गरेको कुरा प्रकाशित गर्न मन लाग्नु पनि मलाई नै अन्यथा लागेन । मेरा ती क्षण त निरपराध थिए, त्यसबखत मसँग बितेको समुद्र नै पनि निष्कलङ्क थियो । तबै पनि मैले ती क्षणप्रति अपराध गर्नु हुन्न भन्ने मेरो ठहर रह्यो । शायद त्यसैले मैले **ए समुद्र** ! पाठकका हातमा पुऱ्याउन चाहेँ ।

एकपटक छोरो कञ्चनजङ्घाको अध्ययनको सिलसिलामा चेन्नाई पुगियो । त्यसपछि उसलाई भेट्ने निहुमा मेरा प्रिय नरेन्द्र र कान्छी छोरी अनुकृतिका(तान्तु)का साथमा म पुन: चेन्नाई पुगेकी थिएँ । उनीहरूको समेत साथ भएकाले त्यसबखतको यात्रा अविस्मरणीय भएको थियो । तिनै आफ्ना अनुभूतिलाई कविताको लहडमा पस्कने अनुक्रम नै **ए समुद्र** ! हो ।

प्रसिद्ध चिन्तक दाजु गोविन्द भट्टका अजस्र भावाभिव्यक्ति प्राप्त गर्दा **ए समुद्र** ! गौरवान्वित भएको मैले महसूस गरेकी छु । मलाई भन्दा बढी मेरा कविताहरूलाई माया गरेर उहाँको लेखनीद्वारा चुलिनु भनेको मेरो समेत अहोभाग्य हो । उहाँलाई अर्पिन उपयुक्त शब्दसुमन शब्दकोशमा फेला पार्न नसक्नाले म उहाँद्वारा **ए समुद्र** ! मा प्रदत्त उहाँका प्रखर चिन्तनाभिव्यक्तिप्रति ऋणी भएकी छु ।

पुस्तकप्रकाशनको सौजन्य प्रदान गर्ने दाजु सुरबहादुर श्रेष्ठप्रति पुन: आभार प्रकट गर्छु ।

**• इन्दिरा प्रसाई**

# ए समुद्र !

# एक

नियतिको अर्को खेल
खेल्दै र चल्दै
आफै आफ्ना छालहरूमा,
शायद बुर्कुसी मारेर चालहरूमा
मद्रास !
ए समुद्र !
फेरि म तिम्रो किनारामा

•

आँखाको भ्रमजस्तो तिम्रो अँगालोमा

# दुई

कुनैवेला प्रियतमको खोजीमा
एउटा जिजीविषा बोकेर
सशक्त बाँचेकी आफुलाई
तिम्रा छालहरूले सुम्सुम्याउँदा
झनै जागेथ्यो उमङ्गको चाह
निर्धो र निमुखो रहेछ प्राप्ति
यसवेला रित्ता हत्केला मात्र छन् ।

ए समुद्र !
र अहिले पनि खोज्दै छु
मेरा अप्राप्य खुशीहरू ।

# तीन

कपालमा ताजा मोलम[1] सिउरेर पनि
मनमा ओइलाएका मोलमहरू मात्र छन्
बोकूँ तिनै मोलम अब
अथवा खोइ कहाँ समर्पण गरूँ ?

ए समुद्र !
यो कोलाहलबीच
निर्जन मेरो 'म'लाई
कसरी बहलाऊँ ?
कहाँनिर दुख्छ भन्न सक्तिनँ
तर दुखिरहन्छ
कसरी सहलाऊँ ?

१. **मोलम** : सुगन्धित सेता वा सुन्तले रङ्गका फूलहरूबाट तयार गरिएका माला । यसलाई दक्षिणभारतका आईमाइहरू कपालमा लगाउने गर्छन् ।

## चार

आफ्ना खुशीहरू उसका पाउमा
र उ धेरै टाढा आफुबाट
लाग्छ छाल भएर आउँछ
छोएजस्तो पनि गर्छ
आफ्नै जस्तो पनि भएर
र फैलन्छ फेरि समुद्रभरि
कहिल्यै आफ्नो नभए जसरी
यो कस्तो भ्रमको मायाजाल !

ए समुद्र !
यसवेला थाकेको आफुलाई
कहाँ र कसरी बिसाऊँ ?

## पाँच

मनका एलबमका पानाहरू
समुद्रका हावाले पल्टाउँदै जाँदा
र सरर्र पल्टन्छन् दृश्यहरू
खुशीहरू, उमङ्गहरू, उत्साहहरू छोपिन्छन्
र पछिल्लो पानाका तसबीरहरू
आफैसँग प्रश्न गर्छन्
आँखाभरि डमडमाएको आँसुचित्र
'शायद मेरै हो
यसवेला तिमीसँग
सोध्न मन लागेको छ–

ए समुद्र !
खोई मेरा लहरहरू
यतिका हूलका हूल लहरहरूबीच
कहाँनिर हराए मेरा लहरहरू !

## छ

निस्ता खुशीहरू
रसम्[1]सँग मुछेर
निल्न खोज्छु
गला लाग्छ, आँसुको घुट्कोले एक गाँस निल्छु
थपिन्छ कडी[2] वा साम्वर[3] पनि
तर खोई स्वाद कहाँ छ ?
समुद्र किनारामा उभिएकी छु ।

ए समुद्र !
मेरो म कहाँ छ ?
म खोज्दै छु अनवरत
स्वाद र सन्तुष्टिको सङ्गम
भन कता हराएको छ ?

---

१. रसम् : भातसँग मुछेर खाने एक प्रकारको अमिलो झोल : दक्षिणभारतीयको खानाको एउटा परिकार (इमली वा तितरी हालेर बनाइएको) ।
२. कडी : दहीको मोहीलाई पकाएको झोल, भात खाँदा दिने ।
३. साम्वर : दाल र तरकारीहरू हालेर पकाएको झोल, भातसँग मुछेर खाने ।

# सात

पानी नै पानी
हावाको हरेक झोक्कासँगै
एकपछि अर्को लहर
समुद्र !
तिमी किन नबिसाएको ?
हेर्दाहेर्दै आँखा थाक्छन्
र म तिमीसँग तादात्म्य गाँस्न खोज्छु
तिम्रो जीवन्तता
म ईर्ष्या गर्छु ।

ए समुद्र !
म किन थाक्छु ?

# आठ

दिनभरिको टन्टलापूर घाममाऽ
कतै तिम्रै उपस्थिति गाउँछ
र सरर्र हावा चल्छ
छैन, यहाँ तातो पनि छैन हावा
मुग्ध म तिम्रो अँगालोमा
यसैयसै तानिन्छु, तड्पन्छु
म तिमीलाई भेट्न नै
दौडीदौडी आउँछु
पैतालामा तातो बालुवा टाँस्दै
म तिमीसम्म आउन रमाउँछु ।

ए समुद्र !
म तिम्रै गीत गुनगुनाउँछु
म तिम्रा सेता फींजहरूमा
अनन्त यात्राको सपना देख्छु ।

•

परेवाका सेता प्वाँखहरूको
आनन्द भोग्छु ।

# नौ

प्रियतमका छलहरू
आफन्तका धोकाहरू
समर्पण मनका सबैसबै बहहरू
पखालेर सम्पूर्ण आफुलाई
म निर्मल बन्न खोज्छु
आवरण मात्र धोएर
म भित्रभित्रै अझै थपिन्छु
र चेपिन्छु वेदनाका बोझहरूमा ।

ए समुद्र !
म तिम्रै बाटो हेरी बस्छु
हलुङ्गो हुने चाहनामा
अझै थपिँदो छु
सफा स्निग्धको चाहनामा
बहको भारी छातीभरि ।

## दश

कहिले तिमी नहुनुको पीडामा
कहिले तिमी हुनुको आनन्दमा
म कल्पन्छु
तिम्रै उपस्थिति
र एक्लै
कहिले स्वीकार्छु तिमीलाई
कहिले अफाल्छु तिमीलाई
मान्छेको भागमा परेको
प्रकृतिको उपहार हौ
अथवा कहिलेकाहीँ
अभिशाप पनि ।

ए समुद्र !
तिमी किन त्यस्तो
अथवा भएर पनि नभएजस्तो !

## एघार

बिहान डोसा, इडली र वडा[1]सँग
जब बिउँझन्छ यो शहर
बिस्तारै फैलन्छ रविको यौवन
दाहिने नाकमा फुली बोकेर
हाफप्यान्टमाथि लुङ्गी बेरेर
यत्रतत्र हतारहतार
जागीर काम र माममा
अथवा युनिफर्ममा नानीहरू
युनिफर्ममाथि बुर्का ओढेका केटीहरू
गर्मीमा कालो बुर्का
बुर्काबाट च्याइरहेका अभ्यस्त आँखाहरू ।

ए समुद्र !
तिम्रो शहरमा छरपस्टिएका परम्पराहरू
तिम्रो वेगका छालहरूले पनि
धुन नसकेका, पखाल्न नसकेका
काला दागहरू देखेर
त्यसैत्यसै निसास्सिन्छु म !

---

१. डोसा, इडली, वडा : चामलको पीठो र कालो दालको पीठो मिसाएर पकाइएका विशेष द.भा. परिकारहरू, जुन बिहानको नास्ता वा दिउँसोको खाजामा खाइन्छ ।

## बाह्र

कुनै निधारमा विभूत सेतो घसेको
कुनैमा कुम्कुम्को लालित्य
कतैकतै मिश्रित छ मनोरम
र कतिपय रित्तो छ सुनसान ।

हेलमेटविहीन सवारद्वारा
सावधानीसाथ हाँकिएका मोटरसाइकलहरू
ट्राफिकको घुइँचोमा पनि
प्रहरीविहीन सडकमा
एकनास यात्रा र दुर्घटना छैन
हाँडीको पीँध जस्ता काला रङ्गहरू
तर दुर्गन्ध कतै छैन ।

ए समुद्र !
तिमीले पढाएको पाठ हो
अथवा पढिरहे यिनले तिमीलाई !

# तेह्र

ढकमक्क शिरीष
आफ्ना राता बैंसहरू उघारेर अलमस्त छ
नीम उन्मत्त हाँसोका साथ
पाकेका फलहरू बोकेर बाँड्दो छ ।

यसवेला विराटनगर सम्झन्छु
आमाको आँगनको शिरीषको बोट
र आफ्नै आँगनको
नीमको विशाल रूख
धोद्रो परेको त्यो रूख
आफैले माया गरेको त्यो रूख
र घर लडाउने भयले
आफैले कटाउनुपरेको
त्यो नीमको रूख ।

ए समुद्र !
तिमी नभएको मेरो देश सम्झन्छु
तिमी हुँदाको मेरो गाउँ सम्झन्छु ।

## चौध

‘मोलम’को लागि फूल किनेर
बसमै ‘मोलम’ बनाउने आइमाईहरू
तर उनीहरूकै रित्ता केशहरू
बसको खचाखच भीडमा पनि
फूल र तेलको सुगन्ध
काला निस्पट्ट कालामाऽ पनि
पसीनाको गन्ध छैन
कति सुन्दर यहाँको कालो रङ !

एक समुद्र !
तिम्रो नुनिलो पानीको कमाल
भीडमा पनि कुनै दुर्गन्ध छैन !

## पन्ध्र

तिम्री मेरिना
एम.जी.आर.को गौरव
अहा ! मरेर पनि बाँचेका
भारतरत्नको समाधि
समुद्रकिनाराको बालुवाको संसारमा
प्रेयसीको चमत्कार
सङ्गमरमरका स्फटिकहरू
सुन्दर अति सुन्दर !

ए समुद्र !
तिम्रो स्वागतद्वारमा
सङ्गमर्मरसँग छालहरू गाँसेर
उभिएको पिरतीस्तम्भ देखेर
प्रेमगानको नमूनासामु
अति विभोर भो यो मन !

# सोह्र

जीर्ण शरीर
कालो काया
दायाँ हातले धारिलो खुर्पा उचालेर
हरियो नरिवलको फेदमा
ख्वाप्प काट्छ
फेरि छ्याकछ्याक
हरियोभित्रको सेतो
र सेतोभित्र पनि
बिस्तारै खोपेर सानो दुलो
र दुलोमा पाइप घुसारेर
हातमा राखिदिन्छ ।

ए समुद्र !
तातो घाममाऊ
शीतल नरिवलपानी
म तिम्रो संसारमा
मन्त्रमुग्ध हुन्छु ।

# सत्र

कतार र दुबईका मेशिनहरूमा
अथवा बाँझा र रूखा खेतहरूमा
पलायित छोरा कल्पने
यहाँका पनि आमाका आँखा
ओबाना छैनन्
बाबुका पाखुरा बिसाएका छैनन्
छोरा फर्कने आशामा
धनको पोकाको तिर्सनामा
स्टेशनतिर आँखा ताकेर
टेलिफोनबुथ, हुलाकघर
र इमेलका साइबरहरूतिर
घरिघरि दृष्टि दिन्छन्
र पदचापको झल्को
अझै थाहा छैन
कहिलेसम्मलाई हो
रित्तो छ ।

ए समुद्र !
तिम्रो किनारामा उनीहरू किन अटेनन् !

# अठार

उसको पूजा, उसकै अर्चना
सारा टोल र मोहल्लामा
धर्मको आतङ्क फैलाएर
सम्राट् हुन खोज्दो छ उ
भगवान् डराएर चर्को आबाजले
टाढा कतै अनकन्टारमा पुग्छन्
उ अझै चिच्याउँदै छ
भक्तको परम्परा अब
भगवान्ले धान्न सक्तैनन् ।

ए समुद्र !
तिमी किन मौन !

## उन्नाइस

फेरि 'मोलम'कै कुरा गर्छु
तेल हालेर चिटिक्क बाटिएका
कसिला काला चुल्ठामास्तिर
सेता मोलम र कतै सुन्तले मोलमहरू
झुल्दै छन् मगमगाएर
सानी बालिका, नवयौवना मस्त छन्
अथवा प्रियाकी धरोहर पनि
'मोलम'को लहरले
शहर ढाक्छ मनोरम ।

ए समुद्र !
विधवाका कपालका 'मोलमहरू'
शायद तिम्रा छालहरूभित्र
रुँदै छन् एक्लिएर !

## बीस

त्यस दिन, त्यो पल
ग्ल्याडिस[1] र साथीहरू
कञ्चन[2] र समुद्र
उसको बालक्रीडा समुद्रसँग
बालुवा पोत्दै घुँडामा
छाल आएर पखाल्छ
कञ्चनको प्रफुल्लतामा
पिताको चरम खुशी
अपार जलको सान्निध्यमा
पिता र पुत्रको सामीप्यमाऊ
गोल्डेनबीचको सुन्दरता ।

ए समुद्र !
यस्तै खुशी नित्यनिरन्तर
शायद तिम्रै छालहरूमा ।

१. छोरो कञ्चनजङ्घाको चेन्नाईका अभिभावक बेन्जामिन इसाककी छोरी ।
२. कञ्चनजङ्घा प्रसाई ।

# एक्काइस

छिमेकी खुशीहरूले
बाहिरपट्टि पोतिदिन्छ
नक्कली रोगनजस्तो
हावाको सानै झोंकाले पनि
उडाई लान्छ टाढातिर
म आफ्ना खुशीहरू हराएर
सापटी खुशीमा भौंतारिन्छु
र एकैछिन रमाइदिन्छु
भित्रभित्रै उनीहरूको सम्झनामा
गीताञ्जलिको तिर्सना
र तिमीहरूलाई
अँजुलीभरि मायामा थापेर
म पिइदिन्छु आँसुको भल ।

ए समुद्र !
सम्झनु र बिर्सनुको दोभानमा
तिम्रा लहरहरू भोग्दै छु ।

## बाइस

मन[1]का कथाहरू
शायद मेरा होइनन् पनि
तर पनि भिन्न छैनन्
आर्तनाद उनका र मेरा
सुकु[2] उसको छुट्टै कथा हुन सक्छ
लुकाएर आफ्ना व्यथाहरू
यी कसरी तम्तयार छन्
सधैँ यात्रामा अनवरत
ओठमा मृदु मुस्कान
र आँखामा असह्य वेदना ।

ए समुद्र !
यस किनारामा आँधी आउँदैन
तिमी सधैँ शान्त !

---

१. बेन्जामिन इसाककी गृहसचिव मनकुमारी ।
२. बेन्जामिन इसाककी गृहसचिव सुकुमाया ।

# तेइस

अटो र ड्राइभरहरू
परदेशीसँग ठगीका योजनामा
बिस्तारै आउँदै छन् स्टेशनतिर
बाटाघाटामा पनि
परदेशी भेटिने आशामा
मीठो बोली ड्राइभरको
र कर्कश बन्छ बिदावारीमा
ड्राइभर मेशिन बन्छ मेशिन
ठगीको मेशिन
अटो ड्राइभर आतङ्क ।

ए समुद्र !
प्रदूषित तिम्रो जलप्रपात देखेर
चिन्तित छु केहीबेर म पनि ।

## चौबीस

छातीभरि घाउहरू छन्
जतातत‌ै घाउ मात्र छन्
निको हुन खोज्छन् घाउहरू
खाटा उप्काइदिन्छौ तिमी
र म आफै कोतरिदिन्छु
त्यसैले रक्ताम्मे हुन्छन् घाउहरू ।

ए समुद्र !
तिम्रो नुनिलो पानीले
मेरो घाउ चहऱ्याइरह्यो ।

## पच्चीस

पानी पानी पानी
जता हेऱ्यो त्यतै पानी
आकाश नीलो कि पानी नीलो !
पानी तिमी कि आकाश तिमी !
अलमल्ल पर्छु म
जतासुकै पानी देखेर
आफु पनि पानी नै भएको
कल्पन्छु म ।

ए समुद्र !
पानी भएर छल नगरे है !

## छब्बीस

भुइँभरि छताछुल्ल पानी
टचाङ्करमा पानी, ग्यालेनमा पानी
प्लास्टिकका बोतलहरूमा पानी
र पाउचहरूमा पनि पानी नै पानी
पानी हुनुको प्रमाण छापिएका पानीहरू
मानिसहरू पानीको व्यापार गर्दै छन्
मानिसहरू पानी नपाएर मर्दै छन् ।

ए समुद्र !
तिम्रो अस्तित्वले छोपेको यस किनारामा
पानीले आतङ्कित छ मानिस
तिम्रो उपस्थितिमा रमाएको मानिस
पानीकै खोजमा छ मानिस ।

## सत्ताइस

रित्ता छन् धाराका टुटीहरू
कुनवेला पानी आउँछ थाहा छैन
तर जुनसुकै वेला सुक्छन्
त्यसैले सडककिनारामा
रित्ता गाग्रीका लहरहरू
प्लास्टिकका नीला, राता, पहेँला
थुप्रै रङ्गीन गाग्री
रङ्गहीन पानीको प्रतीक्षामा छन् ।

ए समुद्र !
तिम्रो महासागरमा डुबेर पनि
म प्यासै रहेँ ।

# अट्ठाइस

टाढाबाट बलिष्ठ पाखुरा फैलाएर
मतिर आइरहेका हे युवक !
आँधी भएर आयौ तिमी
तिमीसँग अँगालो मार्न
प्रतीक्षारत मेरा छातीहरू
युगौँदेखि तिम्रै किनारामा
बालुवा भएर पर्खिरहे
जबजब नजिकनजिक भयौ तिमी
तिम्रा लोलाएका पाखुराले
मलाई तृप्तिसम्म पुऱ्याउन सकेनन् ।

ए समुद्र !
तिमी कठोर हुन सकेनौ
मेरो आनन्दको कारण
तिमी बन्नै सकेनौ ।

# उनान्तीस

इसाक[1] तिमी पानीजस्तो
घामका किरणले पखालिएको
स्निग्ध, कञ्चनजङ्घाको ललाटजस्तो
जोनी[2] र स्यामुयल[3]को मन
जातजाति र भाषाभाषी
अनि धर्मका पर्खालहरू नाघेर
मानिस हुनुको एउटा धर्म
बेन्जामिन शायद अर्को धर्म
ग्ल्याडिसका मुस्कुराएका ओठहरूमा
हाम्रो बिहान भएको थियो ।

ए समुद्र !
आपत्मा परेकाहरूको लागि
तिमी सधैँ बेन्जामिन भइदेऊ ल !

---

१. कञ्चनजङ्घाका चेन्नाईका अभिभावक बेन्जामिन इसाक ।
२. बेन्जामिनका कान्छा छोरा ।
३. बेन्जामिनका जेठा छोरा ।

# तीस

कुभिन्डोमा राक्षसको चित्र कोरेर
मूलढोकाअघि झुन्डचाउनु
मूलढोकाअघि भुइँमा
हरेक बिहान
चामलको पीठोको रेखी हाल्नु ।

यहाँका सुनामहरू
इतिहासका पानाहरूमा
सजिन बाध्य देख्छु
कुभिन्डोको राक्षस
बाहिर निस्कँदै गरेको देख्छु
ठूला घरका साना झ्यालहरूबाट च्याउँदा
सफा पानीमा फोहोर मिसिँदै गरेको देख्छु ।

ए समुद्र !
तिम्रो किनाराको फोहोर
झन्झन् बढ्दो देख्छु ।

# एकतीस

बसमा सानी बालिका
हातभरि चुरा, कानमा झुम्का
तेल चिल्लो बाटेको केशमा
मोलमको पूर्ण शृङ्गार छ
आमासँग लागेर उ
शायद मामाघर जाँदी छ
यसवेला स्कूलमा
पढाइको घण्टी बजेको छ
तर उ किताब बुझ्दिन
चाँडै उसको पनि बिहेको टुङ्गो लाग्नेछ
त्यसपछि उ पनि
उसैकी आमा झैं
सिँगारिएर माइत आउनेछ ।

ए समुद्र !
तिम्रो किनाराका स्कूल कलेजका ढोकाहरू
अझै पनि धेरै अग्लो भएजस्तो छ ।

## बत्तीस

म मेरो पुरानो आफ्नो
र निजी जस्तै लाग्ने
मद्रासको खोजीमा आएथैँ
उ त कुनवेला कुनवेला
चेन्नाई भइसकेछ
म तिमीलाई मद्रास पुकारूँ
वा नवीन आवरणको चेन्नाई ?

ए समुद्र !
तिमीले पखालेर अफालेको
मद्रास नै उर्लन्छ मभरि
मैले आफुभित्र चेन्नाई रोप्नै सकिनँ
म आफुबाट मद्रास फाल्न सक्तिनँ ।

# तेतीस

झोपडपट्टी[1] हटाउने
सरकारी योजनाले
सरकारी घर पाएथ्यो उसले
रमाएर आवासमा पुगेको उ
भोलिपल्टै फर्केथ्यो
आफ्नै झोपडपट्टीमा ।
आवास बहालमा दिएर
उ झोपडपट्टीमा रमाउँछ ।

ए समुद्र !
तिम्रो किनाराको उ
आवासको सुविधामा
निदाउन सक्तैन
किनभने त्यहाँ दुर्गन्ध छैन
र झोपडपट्टी निर्मूल पार्ने
सरकारका योजनाहरू
शायद तिम्रै लहरभित्र
अर्धमूर्छित छन् ।

---

१. झोपडपट्टी : सडककिनारामा अनधिकृत रूपले बनाइएका झुप्राहरू ।

## चौंतीस

मानिस मानिस मानिस
भीडको नदी बगिरहेछ
गइरहेछन्, आइरहेछन्
स्टेशन, जङ्शन र स्टेशन हुँदै
प्लेटफर्म, वेटिङरूम तर्दै
कुल्ली र पकेटमार
सावधान मान्छेसँग मानिसहरू ।

चक्र यही निरन्तर
कसैलाई फुर्सत छैन
रेलको प्रतीक्षामा
बूढो उँघ्दै छ
बूढी सुतेको नातिलाई
पङ्खा हम्किरहेकी छ
कफीका ताता प्यालाहरू र गर्मीसँगै
युवा र युवती मस्कँदै छन्
ए समुद्र !
तिम्रो भेलसँगै
मानिसहरू सलल्ल बग्दै छन्
आउने र जाने उर्लंदो भेल
सृष्टिको चक्र झैं ।

## पैंतीस

रेलका झ्यालहरूबाट
तिमीलाई हात हल्लाउँदै छु मद्रास !
यसवेला मृटुको एउटा टुक्रा
तिमीसँग धितो राखेर
सम्बन्ध गाँसेकी छु मैले
मनको पुरानो खातामा
अर्को तिम्रो माया खापिँदो छ ।
टाढाटाढा हुँदै गएका
बिजुली बत्तीका झिलिमिलीहरू
हृदयान्तरमा बलिरहनेछन्
निस्पट्ट देखिएका अँध्यारा पनि
कसोकसो मायालु लाग्दा छन् ।

ए समुद्र !
तिम्रो यस किनाराको यो शहर
अब मेरो पनि भएको छ
पराई लाग्ने यो महानगर
बिछट्टै आफन्त भएको छ ।

# छत्तीस

आएथैँ कुनै दिन
तिम्रो सान्निध्यमा
समयको अन्तरालपछि
गुमाएकी पनि छु धेरै कुरा
तर जति पाएँ
त्यसको पनि त मोल छैन
यसवेला एकातिर कञ्चनविरह छ
तर तान्तु[1] मोहले पनि तान्दो छ
यो शहर, यो कोठा
अर्को पाला पनि
शायद यसरी नै उभिनेछन् यहाँ
तर समयको यो भोग
यसवेला यहीँ सकिएको छ ।

ए समुद्र !
तिम्रो आकर्षणले तानेर
म फेरि पनि आउनेछु
तिम्रो किनाराको चमत्कार
शायद म फेरिफेरि भोग्नेछु ।

---

१. कान्छी छोरी अनुकृतिका ।

# सैंतीस

म खुशीका तरङ्गहरू
तान्तु र कञ्चनका लहरहरूमा
आह्लादित तान्तुक्रन्दन
उफ् ! उमङ्गित भो मन
इन्द्रसामु नरको गरिमा
यी मोहक पलहरूसँग
म प्रार्थना गर्न सकूँ
ए समुद्र !
समयको यो ताँदो
टमक्क बाँधी राखे
खुशीका यी भङ्गालाहरू
सधैँसधैँ यसरी नै
मेरा पाउको स्पर्शमा राखे ।

# अठ्तीस

यसवेला मनको अँधेरो पनि
कतै तिम्रो फीँजजस्तो
रम्‌झम् तिम्रो आवरणजस्तो
म रमाउन खोज्दै छु
बिर्सेर सबै समयका प्रताडनाहरू
बन्द मनका ढोकाहरू
तिम्रो आनन्दका छालहरूले
ढकढकाइरहेछन्, थप्थपाइरहेछन्
सुकुमार पुष्पपत्रजस्तो तिम्रो स्पर्श ।

ए समुद्र !
म बिर्सन पनि सक्तिनँ मनका चोटहरू
सम्झने असफल प्रयत्न मेरो
तिम्रै स्नेहका धारहरू ।

## उनन्चालीस

यो कस्तो मोहको जालो !
एकपछि अर्को आइरहेछ
कस्तो निरन्तर आकर्षण !
हराएर फेरि भेट्टिने
कतै विलय, कतै प्रारम्भ
प्राणीको निरन्तरताजस्तो
म मुग्ध भएर पनि
विश्वास गर्न सक्तिनँ तिमीलाई ।

ए समुद्र !
तिमीलाई छोएर पनि भेट्नै नसकिने
ओल्लो किनाराको विसर्जनपछि
मध्यभागमा पुन: जीवित हुने
पानीमा बिउँतने रक्तबीजको कथा

•

मृत्युको पराजय शायद
तिमी हौ तिमी ।

# चालीस

प्रतीक्षामा छु म कसैको
यहाँ जति रमाउन खोजे पनि
परमानन्द उसकै अँगालोमा
तिम्रो निश्चित आगमनप्रति
सधैँ शङ्कास्पद मेरो चेतना
निरन्तर भ्रममा परिरहन्छ
म नपत्याएझैँ गर्छु
म डराएझैँ गर्छु ।

ए समुद्र !
किन उसको नित्य आगमनको सत्य
स्वीकार गर्न सक्तिनँ म !

•

तिम्रो कोलाहलपूर्ण गर्जनमा
मृत्युगीत गाइरहेथ्यो ।

# एकचालीस

मद्रास अर्थात् चेन्नाई
रोगीहरू आशाको झिल्को बोकेर
स्टेशन र कोही हवाईमैदानबाट
लाग्दै छन् अस्पतालका ढोकातिर
यो शहर
विद्यार्जनको शहर
र अस्पतालै अस्पतालको शहर
अस्पताल रोगी र रोगी अस्पताल
डाक्टरहरू कतै कुनै कुनामा
व्यापार पनि गर्दै छन्
तर कति चाहिँ देवस्वरूप भएर
जीवनदान गर्दै छन् ।

ए समुद्र !
तिम्रो किनाराको यस बालुवामा
असङ्ख्य घाउहरू बिसेक भए ।
र कुनै चहऱ्याए
चहऱ्याइरहे पनि ।

# बयालीस

शङ्ख र घण्टको परम्परामाथि
कुनैवेला क्रमश: अतिक्रमण भयो
रोग, भोक र शोकको निवारणपछि
गिर्जाघरको उद्घाटन भयो
मन्दिरका शङ्खध्वनि
र घण्टको अविरल गुञ्जनमा
जब मानवताको आर्तनाद
हराउन थाल्यो, छोपिन थाल्यो
त्यहीँ श्वेत वस्त्रको प्रतापले
एउटा राज्यको सूत्रपात गऱ्यो ।

ए समुद्र !
मन्दिरमा पुजारीको पाठ
गिर्जाघरमा शान्त प्रार्थना
र मस्जिदबाट आइरहेको कोलाहल ।

•

तिम्रै पानीको एक रङ्गजस्तो
सबै थोक मिसिँदा पनि
केही नमिसिएजस्तो ।

# त्रिचालीस

खुशीका पोकाहरू जतातत‍ै
छरपस्टिए पनि
आफ्नै मुटुका चोइटाहरू
उछिट्टिएर टाढा पुगेपछि
समुद्रको पानी हेरेर
प्यास मेट्न नसकेजस्तो
त्यसैत्यसै लोलाएको
एउटा यन्त्रचालित जिन्दगी
बोकिदिन्छु, हिँडिदिन्छु ।

ए समुद्र !
खुशीले नाचेको तिम्रो रूप
अहङ्कारले गर्जेको तिम्रो आबाज
म आफुभित्र गाभ्न सक्तिनँ ।

•

तिम्रो किनाराको भीडमाऊ
म एक्लो– फगत एकाङ्की छु ।

# चवालीस

एउटा सुखद् खोजको लागि
म मनका पर्दाहरू उघार्दै
क्षितिजसम्म पुग्न खोज्छु
उल्टो पाउ फर्कन्छु
जब आत्तिएर डराएर
त्यहाँ अतीतको कालो छाया
सलबलाएको देखेपछि
उसको विकृत रूपको
आभासमात्रले पनि
म आँखा चिम्लन्छु
र पिच्च थुकिदिन्छु ।

ए समुद्र !
युगौँदेखि अतीत बोकेर पनि
किन थाक्तैनौ तिमी ?
छातीभरि वेदना खामेर पनि
कसरी हाँस्न सक्छौ तिमी ?

## पैंतालीस

यसपालि अर्को अध्याय सकिएको छ
पर्वका उत्साहहरू
उमङ्ग र उच्छ्वासहरू
यही धरतीमा छरपस्टिए
यहीँको आकाशमा र वायुमा
हाम्रा हर्षोन्मादहरू ।
आफन्तका आतङ्कबाट प्रताडित हामी
पुन: आफन्तका सङ्कलनमा
लालायित र समर्पित पनि
त्यसैले अर्कै संसार बनायौ ।

ए समुद्र !
तिम्रो किनारामा हाम्रा खुशीहरू
धितो राखेर मनका आनन्दहरू
हामी जाँदै छौं गन्तव्यसम्म
र फेरि आउनेछौं तिम्रा लहर झैं ।

•

तिम्रै किनारामा रमाउने
अर्को सङ्कल्प बोकेर ।